
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २८ गते सोमबार ❑ 14 Nov. 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५ ।–

## निर्वाचनको सरगर्मी उत्साहजनक र वातावरण शालिन छ–आयोग

**रासस**
**काठमाडौं, २७ कार्तिक**

देशभर हिउँदे चिसो बढेसँगै आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको चुनावी सरगर्मीको राप भने ह्वात्तै बढेको छ।

पछिल्ला केही दिनयता निर्वाचन प्रचारप्रसारको काम सञ्चार माध्यमबाट प्रभावकारी रुपमा भइरहेको र उम्मेदवार पनि मत माग्न घरदैलो कार्यक्रममा व्यस्त रहेकाले चुनावको सरगर्मी तीव्ररुपमा अघि बढेको छ । निर्वाचनको प्रचारप्रसारमा तडक भडक नभएर अन्त्यन्त शालिन ढङ्गले अघि बढिरहेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्माले बताउनुभयो । यसअघिका निर्वाचनका तुलनामा यस पटक आचारसंहिताको पालनामा सुधार भई तुल ब्यानर, पोष्टर, पम्प्लेट र भित्ते लेखनबाट सहर कुरुप हुनबाट जोगिएको छ। "राजनीतिक दलले निर्वाचमा धेरै खर्च भयो प्रचारप्रसारको समय र खर्च कम गर्ने व्यवस्था गर्न भनेपछि आचारसंहितामा त्यो व्यवस्था गरिएको हो", उहाँ भन्नुभयो, "अहिले ध्वजापतका, पम्प्लेट, ब्यानर, माइक, आमसभाजस्ता विषय कम भए पनि निर्वाचन सबै मतदाताको मन मस्तिष्कमा छ, माहौल नभएको भन्न मिल्दैन, सहरको सुन्दरता पनि त कायम छ ।" सञ्चार माध्यममा विज्ञापन, राजनीतिक दल र उम्मेदवारका कार्यक्रम, समाचार र अरु निर्वाचनसम्बन्धी सामग्रीले पनि निर्वाचनको महौल बनिरहेको छ। पछिल्ला निर्वाचनमा मतदाता र उम्मेदवार दुवै परिपक्क हुँदै गएकाले निर्वाचनको शालीन हुन पुगेको हो। प्रतिनिधिसभा सदस्य दुई सय ७५ र प्रदेशसभा सदस्य पाँच सय ५० सिटका लागि हुने निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता छन्।

नेकपा 'एमाले' का नेता सुवास नेम्वाङले राजनीतिक दल, उम्मेदवार, मतदाता र लोकतन्त्र जति परिपक्क हुँदै जान्छ त्यति नै चुनाव शालिनरुपमा अघि बढदै जाने बताउनुभयो। उहाँले भन्नुभयो, "दल र निर्वाचन आयोगबीच छलफल गरेर मितव्ययी बनाउन चुनाव प्रचारप्रसारको प्रक्रिया र शैलीमा आमूलपरिवर्तन गरिएको छ। निर्वाचनप्रति जनता परिपक्क, उत्साह र जागरुक छन्। हामीले जे सोचेका थियौं, त्यही भइरहेकोछ, म यसबाट खुसी छु।" पहिलाका चुनावमा तुल व्यानरले बजार र गाँउ छपक्कै हुने मात्र नभई मतदाता पनि विभिन्न दल विशेषका चुनाव चिह्न अंकित पोशाकले पहिरिएको देखिन्थ्यो । त्यसमा उम्मेदवारको खर्च धेरै हुन्थ्यो।

यस पटकको निर्वाचनलाई मितव्ययी बनाउने उद्देश्यले आयोग र दलले चुनाव प्रचारप्रसारका सबैमा प्रक्रियामा आमूल परिवर्तन गरेका हुन् । आमसभा र घरदैलो समेत यसपटक १५ दिनमा सीमित गरिएकाले पनि पहिले जस्तो प्रचार भएन जनता निराश भएकी भन्ने कोणबाट टिप्पणी गरिए तापनि त्यो बुझाइ सही नभएको भनाइ छ । उम्मेदवार समक्ष मतदाताले अझै पनि खोइ त बाटो भनी जानेर वा नजानेर बिभिन्न माग र प्रश्न तेस्याइरहेका पूर्वसभामुख नेम्वाङ बताउनुहुन्छ । जनता अहिले पनि निर्वाचनप्रति पहिलेकै जस्तै उत्सुक रही उम्मेदवार समक्ष यस्तो काम हुन पर्‍यो भनेर माग गर्ने गरेको त्यसको टिपोट गर्दै प्रतिबद्धता जाहेर गर्ने गरेको पाइएको छ । तीस वर्षसम्म तपाईले के के काम गर्नुभयो त भनी प्रश्न गर्दै जनताले विधायकसँग अहिले पनि कुलो, सडक, धारा/पँधेरोका मुद्दालाई नै उठाउँदै आइरहेका देखिएको छ।

नेपाली कांग्रेसका नेत्री पुष्पा भूषालले जिल्लाको भूगोलअनुरुप प्रचारप्रसारको समय अत्यन्त काम भएको र ठूला कार्यक्रम भन्दा घरदैलोलाई नै प्राथमिकतामा दिएका कारण निर्वाचनको वातावरण नदेखिएजस्ता भए पनि निर्वाचनप्रति जनताको उत्साह निकै राम्रो रहेको प्रतिर्क्रिया दिनुभयो । उहाँले भन्नुभयो, "हामी आफै जनताको घर दैलोमा गएकाले तडकभडक यस पटक छैन, जनतामा उत्साह भने ठूलो छ।"

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता अनिलकुमार झाले निर्वाचनमा मतदान गर्नका लागि जनता अत्यन्त उत्साही रहेको आफूले पाएको बताउनुभयो। उहाँले भन्नुभयो, "निष्ठाको राजनीतिका लागि चुनाव कम खर्चिलो हुनुपर्छ भन्ने मान्यताका आधारमा चुनाव प्रचारप्रसारको गतिविधि अघि बढेकोछ, कानुन निर्माण गर्ने दायित्व भए पनि जनताले हामीसँग मलखाद, सिँचाइ, सडक, बिउबीजन, खानेपानी, वैदेशिक रोजगारीलगायत सामाजिक मुद्दा उठाइरहेका छन्।"

## संविधानको रक्षक र विरोधी बीचको लडाइँको फैसला जनताले गर्छन् : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
**गोरखा, २७ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार पुष्पकमल दाहाल 'प्रचण्ड' ले आसन्न मङ्सिर ४ गते संविधानको रक्षक र विरोधी बीचको लडाइँको फैसला जनताले गर्ने बताउनुभएको छ।

गोरखाको सहिद लखन गाउँपालिकास्थित धैरुङ्ममा आइतबार आयोजित चुनावीसभालाई सम्बोधन गर्दै उहाँले आसन्न निर्वाचनमा दुई गठबन्धन चुनावी मैदानमा रहेको भन्दै संविधानको रक्षा गर्ने वाम-लोकतान्त्रिकको पक्षमा जनताले मत दिने विश्वास व्यक्त गर्नुभयो । "एउटा गठबन्धन केपी ओलीले नेतृत्व गर्नुभएको छ, जहाँ संविधान विरोधी, गणतन्त्र विरोधी शक्तिहरू मिलेर बनेको छ", उहाँले भन्नुभयो, "अर्को गठबन्धन मेरो र कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा छ जसले संविधानको रक्षा गर्दै आएको छ, अबको चुनावमा जनताले संविधानको विरोधीलाई परास्त गर्नुपर्छ ।" उहाँले बुढीगण्डकी जलविद्युत् आयोजना सम्पन्न गर्नेतर्फ आफ्नो ध्यान मुख्य रूपमा केन्द्रित भएको बताउनुभयो । "राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको बुढीगण्डकी आयोजना छिटोभन्दा छिटो सम्पन गर्नुपर्छ भन्नेमा म प्रतिबद्ध छु", उहाँले भन्नुभयो, "त्यसका लागि आवश्यक पहल गर्नेछु।" उहाँले आफू कुनै निश्चित क्षेत्रभन्दा पनि समग्र गोरखाको विकासका लागि यहाँ आएको बताउनुभयो। "प्राविधिक कारणले गोरखा क्षेत्र नम्बर २ बाट चुनाव लडेको छु ।" उहाँले भन्नुभयो, "तर म कुनै विशेष क्षेत्रभन्दा पनि समग्र गोरखाको विकासका लागि गोरखा आएको हुँ ।" वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट गोरखा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रहनुभएका नेपाली कांग्रेसका नेता राजेन्द्र बजगाईंले उत्तरी गोरखामा विकासको निर्माण अवस्था जहाँको तही रहेको बताउनुभयो। उहाँले केही दलका उम्मेदवारले विकासको भ्रम फिजाएर हिँडेको भन्दै एमालेका उम्मेदवारले भाषणमा विकास गरे पनि वास्तविकतामा गोरखा क्षेत्र नम्बर १ को अवस्था उस्तै रहेको दाबी गर्नुभयो। "म सडक बनाएर पुल बनाउँछु", उहाँले भन्नुभयो, "सडक विनाको पुल बनाउँदिन ।" बजगाईंले अब निर्वाचन जितेर गएपछि अन्य कुनै प्रकारको अनैतिक काम नगर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

## निर्वाचन प्रचारप्रसार अब पाँच दिन बाँकी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ कार्तिक**

मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवारले प्रचारप्रसार गर्न अब पाँच दिनमात्रै बाँकी रहेको छ।

निर्वाचन आचारसंहिताको दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्थाअन्तर्गत यही कात्तिक १७ गतेदेखि मङ्सिर १ गतेसम्म प्रचारप्रसारका लागि निर्धारण गरिएको छ । मंसिर १ गते रातिदेखि प्रचारप्रसार निषेधको शान्त (मौन) अवधि भएकाले उक्त अवधिमा प्रचारप्रसार स्थिर हुने कानुनी व्यवस्था रहेको छ । आयोगले आचारसंहिताको परिपालना भइरहेको र उल्लङ्घनका घटनामा कारवाहीको क्रम जारी रहेको जनाएको छ।

## नेपालले पहिलो पटक विश्वकप क्रिकेटको आयोजना गर्ने

**रासस**
**काठमाडौं, २७ कार्तिक**

नेपालले पहिलो पटक आइसीसी उन्नाइस वर्षमुनि (यू-१९) महिला विश्वकप क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)को बोर्ड बैठकले २०२७ मा आयोजना हुने यू-१९ महिला विश्वकप प्रतियोगिता आयोजनाको जिम्मा नेपाल र बङ्गलादेशलाई संयुक्त रुपमा दिएको हो। अब नेपाल र बङ्गलादेश मिलेर प्रतियोगिता आयोजना गर्नेछन्।

त्यसैगरी आइसीसीले आज सार्वजनिक गरेको अन्य निर्णयमा सन् २०२४ को यु-१९ पुरुष विश्वकप प्रतियोगिताको आयोजना श्रीलङ्काले गर्ने भएको छ। त्यसैगरी सन् २०२५ को यू-१९ महिला विश्वकप मलेसिया र थाइल्याण्डमा संयुक्त रुपमा आयोजना गर्नेछन्। सन् २०२६ को यू-१९ पुरुष विश्वकप जिम्बावे र नामिबियाले संयुक्त रुपमा आयोजनाको जिम्मा पाएका छन्।

नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले आइसीसीको यस किसिमको निर्णयले नेपाली क्रिकेटको खेल पूर्वाधार र खेलकोस्तर माथि पुऱ्याउन मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो । उहाँले पहिलो पटक आयोजनाको मौका पाएको विश्वकप सफल बनाउन सके थप प्रतियोगिता आयोजनाको मौका पाउन सक्नेसमेत बताउँदै प्रतियोगिता सम्पन्न गर्न कुनै कसर बाँकी नराखिने बताउनुभयो।

अध्यक्ष चन्दले प्रतियोगिता सञ्चालनको लागि करिब चार वर्षको लामो समय भएकाले अब पूर्वाधार विकासको लागि सरकारसँग कुरा गर्ने बताउनुभयो।

## आर्थिक विकास र समृद्धिका लागि गठबन्धन : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पाएका उपलब्धिको रक्षा गर्दै आर्थिक विकास र समृद्धिको लागि गठबन्धन भएको बताउनुभएको छ।

जिल्लाको व्यास नगरपालिका-९ मा आइतबार आयोजित कार्यकर्ता भेटघाटमा उहाँले पाँच दलीय गठबन्धन अपरिहार्य रहेको, देशमा सुशासन कायम कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि जोड दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । जिल्लाको विकासमा हिजो सत्तामा रहँदा र नरहँदा देश र जिल्लाको विकासमा लाग्दै आएको र आउँदा दिनमा पनि काम गर्ने स्पष्ट पार्नुभयो । कहीँ कतै बिचलित नभई गठबन्धन शक्तिलाई जिताउनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "अधूरा काम पूरा गर्नेछु, जनता सामु बोलेका कुरा व्यवहारमा लागू गरेर छाड्ने बाचा गर्छु ।" सत्तामा जान र पदका लागि मात्रै गठबन्धन नभएको उल्लेख गर्दै नेता पौडेलले लोकतन्त्र, गणतन्त्र र संविधान जोगाउनको लागि पार्टी गठबन्धन गरिएको स्पष्ट पार्नुभयो।

## आन्तरिक पर्यटकलाई सहरभन्दा गाउँ प्यारो

**रासस**
**पोखरा, २७ कार्तिक**

कास्कीका मुख्य पर्यटकीय गाउँमा पाहुनाको घुइँचो लाग्न थालेको छ । दसैं-तिहारलगत्तै कास्कीको घान्द्रुक, सिक्लेस, ताङतिङ, धम्पुस, ल्वाङघलेललगायत गाउँमा पर्यटकको चहलपहल बढ्न थालेको छ। पोखरा घुम्न आएकाहरू आजभोलि पोखरामा मात्र सीमित हुन चाहँदैनन् । उनीहरूको रोजाइ हुने गरेको छ, वरपरका गाउँबस्ती र थुम्का। पोखराको सुविधासम्पन्न होटलमा आरामदायी सुविधा लिएका पर्यटक गाउँसम्म पुगेर त्यहाँको आतिथ्यता र प्राकृतिक सुन्दरतासँग रमाउन थालिसकेका छन्।

पर्यटकीय गाउँ घान्द्रुकमा दैनिक दुई हजारभन्दा बढी पर्यटक पुग्ने गरेको स्थानीय व्यावसायी अमृत गुरुङले जानकारी दिनुभयो। कोरोनाका समयमा पर्यटकका लागि बन्द रहेको गाउँ गत वर्ष असोज १ गतेदेखि खुला गरिएपछि पाहुना जाने क्रम सुरु भएको उहाँले बताउनुभयो । यो वर्ष झन् थामिनसक्नु पर्यटक घान्द्रुक पुगेको उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "शुक्रबार र शनिबार घान्द्रुकका होटल र होमस्टे सबै भरिभराउ भए। त्यसैले घान्द्रुक घुम्न आउँदै हुनुहुन्छ भने पूर्वजानकारी गराएर मात्र आउनुहुन अनुरोध गर्दछु ।" शुक्रबार दुई हजार तीन सयको हाराहारीमा पर्यटक त्यहाँ पुगेको थिए। तीमध्ये दुई हजारले बास भएको उहाँले जानकारी दिनुभयो। बाँकी लगभग तीन सय पहुना बास नपाएर फर्कन बाध्य भएको उहाँले सुनाउनुभयो।

घान्द्रुकमा पाहुना राख्नका लागि ५० को हाराहारीमा होटल र २० वटा होमस्टे रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिनुभयो। यसमा पाहुना धेरै भएको अवस्थामा १० घर जतिमा व्यवस्थापन गर्न सकिने उहाँले बताउनुभयो । सत्तरी-असी होटल होमस्टेमा एक दिनमा दुई हजारसम्म मात्र पाहुना राख्न सकिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । कास्कीको अर्को पर्यटकीय गाउँ सिक्लेसमा पनि दैनिक एक हजार पर्यटक पुग्ने गरेको मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो । "सिक्लेसमा ५०-६० जनासम्म राख्न सक्ने होटल १५ वटा छन्, दर्ता भएका नभएका गरी २७ होमस्टे छन्", उहाँले भन्नुभयो, "होटल र होमस्टेमा गरेर दैनिक एक हजारदेखि एक हजार पाँच सयसम्म राख्न सकिन्छ । यतिबेला सबै प्याक छन् ।" सिक्लेस नजिकैको गाउँ ताङतिङमा पनि उत्तिकै सङ्ख्यामा पर्यटक पुग्ने गरेको गुरुङले बताउनुभयो।

ग्रामीण क्षेत्रमा हाउसफुल हुँदा पोखरामा भने सोचेजस्तो पर्यटक नभएको पोखरा पर्यटन परिषद्का अध्यक्षपोमनारायणश्रेष्ठलेजानकारी दिनुभयो । "पछिल्लो समय विदेशीसँगै आन्तरिक पर्यटकको सङ्ख्या बढेको छ । यसले व्यवसायीमा आशा त जगाएको छ", उहाँले भन्नुभयो, "तर हामीले सोचेको जस्तो बढेको चाहिँ होइन। अब यो कतिसम्म जान्छ भन्ने हो। यो क्रम बाह्रैमास भएमा पर्यटन क्षेत्र उकासिन्छ।" उहाँले पोखरा भित्रने बाटो बन्दै गरेकाले छिटो निर्माण गर्न सरकारलाई आग्रह गर्नुभयो। "बाटो बन्नु भनेको हाम्रा लागि राम्रो कुरा हो तर बाटो बन्दै गर्दा वैकल्पिक बाटो पनि सरकारले बनाउनुपर्छ", उहाँले भन्नुभयो, "यसो भयो भने पर्यटक जाममा नपर्ने गरी समय जोगिन्छ ।" होटल सङ्घ पोखरा पनि पोखरामा सोचेजस्तो पर्यटक नआएको जनाएको छ । अहिले पोखराको होटेल 'अकुपेन्सी' २० देखि ३० प्रतिशत हाराहारी रहेको होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो।

"पछिल्ला समय केही आशा जगाएको छ", उहाँले भन्नुभयो, "केही होटलमा ५० प्रतिशत जति छ केहीमा १०-२० प्रतिशत, त्यो हिसाबले एभरेजमा २०-२२ प्रतिशत अकुपेन्सी छ ।" नवौं राष्ट्रिय खेलकुद हुने समयमा ६०-७० प्रतिशत अकुपेन्सीको भए पनि पछिल्लो समय घटेको सुवेदीको भनाइ थियो । कोरोनाभन्दा अघि यही समयमा कोठा नपाएर भनसुन गर्नुपर्ने अवस्था रहेको उहाँले विगत सम्झनुभयो। सङ्घसँग आवद्ध चार सय २५ होटल छन् भने उत्तिकै सङ्ख्यामा सङ्घमा आवद्ध नभएका होटल पोखरामा रहेको उहाँले जानकारी दिनुभयो।



# फोटो पत्रकार संघ कास्कीमा पौडेल

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

नेपाल फोटो पत्रकार संघ कास्कीको अध्यक्षमा दुर्गाप्रसाद पौडेल निर्वाचित भएका छन् ।

संघको सातौं साधारण सभाले पौडेलको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । संघको उपाध्यक्षमा नारायणप्रसाद आचार्य, सचिवमा उमेश पुन, कोषाध्यक्षमा सुरेशकुमार श्रेष्ठ (सुरज) निर्विरोध निर्वाचित भए । यस्तै सदस्यहरुमा अषेश शाक्य र संजय शाक्य निर्विरोध भए । ११ सदस्यीय कार्यसमितिका अन्य सदस्यहरु समितिले चयन गर्ने निर्वाचन समिति संयोजक



इन्द्रप्रसाद पौडेलले जानकारी दिए । नवनिर्वाचित अध्यक्ष पौडेलले संस्थाको गरिमालाई ध्यान दिंदै चलायमान बनाउँदै जाने बताए । फोटो पत्रकारका समस्या समाधानका लागि सधैं लागिपर्ने उनको प्रतिवद्धता थियो ।

कार्यक्रममा संस्थापक अध्यक्ष घनश्याम पौडेलले नयाँ कार्यसमितिले फोटो पत्रकारको हितमा काम गर्नुपर्ने बताए । द्वन्द्वका समयमा फोटो पत्रकारको हक हित र रक्षाका लागि खोलिएको संस्थाले अब पनि सोही कार्यलाई निरन्तरता दिनुपर्ने औंल्याए । फोटो पत्रकारहरु अब क्याप्सन र समाचार लेखनमा पनि लाग्नुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा सल्लाहकारहरु राम गुरुङ, कृष्णमणी बराल, इन्द्रप्रसाद पौडल निवर्तमान अध्यक्ष प्रदिप पौडेल, नेपाल पत्रकार महासंघ गण्डकीका सदस्य सुनिल पाण्डे लगायतले मोवाईलको जमानामा थपिएको चुनौतीलाई चिर्दै व्यावसायीकता तर्फ लाग्न सुझाव दिएका थिए । कार्यक्रममा संस्थामा भएगरेका गतिविधि तथा प्रगती बिवरण अध्यक्ष प्रदिप पौडेलले प्रस्तुत गरेका थिए भने कार्यक्रममा धन्यवाद मन्तब्य उपाध्यक्ष नारायण आचार्यले गरेका थिए ।

# वाईवाई छनौंट क्रिकेटमा नवलपुर ३७ रनले विजयी

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

वाईवाई गण्डकी प्रदेश स्तरिय क्रिकट छनौंट प्रतियोगितामा नवलपुरले तनहुँलाई पराजित गरेको छ । प्रादेशिक क्रिकेट संघ, गण्डकीको आयोजनामा पोखरामा जारी खेल अन्तर्गत आइतबार भएको खेलमा नवलपुर ३७ रनले विजयी भएको हो । टस जितेर पहिला व्याटिङ गरेको नवलपुरले पुरा ५० ओभरको खेल्दै ९ विकेटको क्षतीमा २ सय १२ रनको विशाल योगफल तयार पाऱ्यो । खेलमा म्यान अफ द म्याच भएका नवलपुरका दिपक डुम्रेले ११५ बलमा ८५ रनको महत्वपूर्ण पारी खेले । टिमका लागि विज्ञान पाण्डेले ३८ रन जोडे । तनहुँका



बलहरु प्रदीप अर्यालले ३ तथा सचिन राज अधिकारी र रिन्जिन लामाले समान २ विकेट लिए ।

जितका लागि २ सय १३ रनको लक्ष्य पछ्याएको तनहुँले पुरा ओभरमा ९ विकेट गुमाउँदै १ सय ७६ रन बनायो । तनहुँको तर्फबाट पासाङ दोर्जे तामाङले सर्वाधिक ४३ रन बनाए । रिन्जिन लामाले ३५ तथा पुस्कल गौडेलले २२ रन जोडे । नवलपुरका बलरहरु सगुन सापकोटा र शिशिर भुषालले समान ३ विकेट लिए । अपराजित पौडेलले १ विकेट लिएका थिए ।

# बसन्त गौचनद्धारा पोखरामा फुटबल एकेडमी स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

नेपाल चर्चित पूर्व राष्ट्रिय फुटबल खेलाडी बसन्त गौचनले पोखरामा 'बिजि फुटबल एकेडमी'को स्थापना गरेका छन् ।

पोखरा-२७ स्थित रिठ्टेपानीमा उक्त एकेडमी सञ्चालनमा ल्याएका गौचनको एकेडेमीमा ८ देखि १६ वर्ष उमेर समुहका ६० जनाले दैनिक प्रशिक्षण लिइरहेका छन् ।

लामो समय नेपाली फुटबलमा योगदान दिएका बसन्त यति बेला जापानस्थित फन रुट्स एकेडेमीका प्रशिक्षक समेत हुन् । विगत चार वर्ष देखि उक्त एकेडेमीमा प्रशिक्षकको भूमिका निर्वाह गरेका बसन्तले जापानकै अवधारणामा एकेडेमीलाई अघि बढाउने बताएका छन् । उनले भने-'फुटबलमा संस्कारको आवश्यक्ता छ । हामीले जापान जस्तो पावर हाउसबाट सिक्नुपर्छ । मैले जापानमा सिकेको कुरालाई यहाँ अघि बढाउने मात्रै नभई त्यहाँ सिकेको कुराहरुलाई यहाँ अघि बढाउन चाहन्छु ।'

फुटबल विकासका लागि अभिभावक समेत उत्तिकै चनाखो हुनुपर्ने कुरा औंल्याउँदै एकेडेमीका अध्यक्ष समेत रहेका बसन्तले खेलाडी उत्पादनका लागि ग्रासरुट प्रशिक्षण अपरिहार्य रहने कुरामा जोड दिए । 'एन्फाले ग्रासरुट सुरु गरेको थियो । जुन फुटबल विकासका लागि महत्वपूर्ण छ । एन्फाको ग्रासरुट कार्यक्रम जोगाउन सके नेपाली




फुटबलले एशियालीस्तरमा नै प्रभावशाली खेलाडी उत्पादन गर्न सक्छ',उनले भने । एकेडेमी सञ्चालन गर्न सबैको सहयोगको खाँचो रहेको औंल्याउँदै उनले बिजि फुटबल एकेडेमी सबैको साझा थलोको रुपमा विकास गर्ने बताए ।

उक्त एकेडेमीको एक कार्यक्रमका विच अखिल नेपाल फुटबल संघ (एन्फा)का वरिष्ठ उपाध्यक्ष वीर बहादुर खड्काले उद्घाटन गरेका छन् । सो अवसरमा बोल्दै वरिष्ठ उपाध्यक्ष खड्काले नेपाली फुटबलको व्यवसायिकताको विकास हुन नसकेको बताउँदै व्यवसायिकता विकासका लागि एकेडेमीहरुको स्थापना महत्वपूर्ण रहने बताए । उनले भने-'अहिले नेपाली फुटबलमा व्यवसायिकता नभएको साँचो हो । व्यवसायिकताका लागि धेरै खेलाडी उत्पादन हुन आवश्यक छ । त्यही कुरालाई मध्येनजर गर्दै एन्फा एकेडेमीको अवधारणामा अघि बढ्न गम्भिर रुपमा अघि बढेको छ ।' उनले आगामी मंसिर १० गतेबाट काठमाण्डौमा ८-१८ वर्ष उमेर समुहलाई केन्द्रित गर्दै एकेडेमीको सुरुवात गर्न लागेको जानकारी दिए । सुगम ठाउँ भन्दा दुर्गम भनिएका जिल्लाहरुबाट नयाँ खेलाडीहरु उत्पादन भएको बताउँदै वरिष्ठ उपाध्यक्ष खड्काले कास्कीको फुटबल केही वर्ष यता खस्किंदै गएको प्रति चिन्ता व्यक्त गरे । अहिलेका बालबालिकालाई सहि मार्गमा डोऱ्याउन नसकेमा उनीहरुको भविष्य अध्याँरो हुनेतर्फ इंगिंत गर्दै विजि फुटबल एकेडेमी त्यसलाई चिर्न सफल हुने उनले बताए । उनले एकेडेमीलाई हरतरहले सहयोग गर्न एन्फा तयार रहेको बताउँदै कुशल खेलाडी संगै राष्ट्रका लागि जिम्मेवार नागरिका उत्पादन गर्न एकेडेमी सफल हुनेमा आफू विश्वस्त रहेको बताए ।

कार्यक्रममा पोखरा २७ का अध्यक्ष पूर्ण बहादुर गुरुङले एकेडेमीको स्थापनाले कास्कीको फुटबल विकासमा कोशे ढुङ्गा सावित हुने बताए । उनले एकेडेमीको विकास र संरक्षणका लागि आफ्नो वडाले सहयोग गर्ने बताउँदै यसका लागि सबै स्थानियहरु जागरुक हुन आह्वान समेत गरे । यसै गरी प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङले कास्कीको फुटबल केही वर्ष यता खस्किएको प्रति चिन्ता व्यक्त गर्दै यस्तै एकेडेमीहरुको स्थापनाले नै फुटबल विकासमा सहयोग पुग्ने उल्लेख गरे । सो अवसरमा एन्फाका पूर्व उपमहासचिव तथा बक्सिङका पूर्व राष्ट्रिय खेलाडी गणेश बहादुर भट्टराई, सहारा क्लव हङकङका अध्यक्ष दिपक गुरुङ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका उपाध्यक्ष सुरज श्रेष्ठलगायतले व्यवसायिक फुटबल खेलाडी उत्पादनमा संगै नेपाली फुटबल विकासका लागि बिजि फुटबल एकेडेमी महत्वपूर्ण हुने बताए ।

सो अवसरमा एकेडेमीमा प्रशिक्षण लिइरहेका बालक विगेन भाग्य भुजेललाई छात्रवृत्ति समेत प्रदान गरिएको छ । पोखरा २७ रिठ्टेपानीमा सञ्चालनमा ल्याएको बिजि फुटबल एकेडेमी १५ रोपनी क्षेत्रफलमा फैलिएको छ । दिनमा करिव २ सय जनालाई एकैपटक प्रशिक्षण दिन सकिने उक्त एकेडेमीको आफ्नै फुटबल मैदान संगै चेन्जिङ रुम, स्टोर रुम, अफिस कोठा, शौचालयलगायतका पूर्वाधारहरु समेत निर्माण भइसकेका छन् ।

तिन महिना अघिबाट प्रशिक्षण दिन सुरु गरिएको उक्त एकेडमीलाई भविष्यमा जापानको फनरुट्स सहित जर्मनीको जुगेन्ड फुटबल एकेडेमी, कोलोन संग द्विपक्षिय सम्वन्ध विस्तारका लागि सम्झौता समेत गरिसकिएको छ । एकेडेमीको निर्देशकमा एन्फा प्रशिक्षक राजेन्द्र तामाङ र मुख्य प्रशिक्षकमा शम्भु केसी रहेका छन् ।

# देशलाई सबैभन्दा माथि राखेर काम गर्छु - बराल

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

कास्की क्षेत्र ं १ का प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बरालले देश सबैभन्दा माथि भएको बताउनु भएको छ ।

देशलाई सबैभन्दा माथि राखेर देश र जनताको सेवा गर्नका लागि आफ्नो उम्मेद्बारी भएको उहाँको भनाइ छ । उहाँले गठबन्धन देशको आवश्यकता भएको उल्लेख गर्नुभयो । गठबन्धन निर्वाचन जित्नका लागि र कसैलाई सत्तामा पुऱ्याउनका लागि मात्र नभएको स्पष्ट पार्दै उहाँले देश बचाउन र उपलब्धिको रक्षाका लागि गठबन्धन भएको उल्लेख गर्नुभयो ।

पोखरा २७ मा आइतबार घरदैलो र मतदाता भेटघाट गर्दै पाँच दलीय गठबन्धनका साझा उम्मेद्बार समेत रहनु भएका बरालले जनतालाई झुटो नबोलि सत्यसत्य कुरा गर्ने बताउनुभयो । 'जथाभावि बोलेर हिड्दिन, भोलिपनि तपाईहरुसँग भेटिनुपर्छ, उहाँले भन्नुभयो- गर्न सक्ने र पूरा गर्ने कुरा मात्र गर्छु, मलाई विश्वास गरिदिनुहोस् ।' उहाँले विकास निर्माण समाजको आवश्यकता र प्राथमिकताका अधारमा हुने उल्लेख गर्नुभयो । 'धेरै आवश्यकता छन् , एकैपटक सबै आवश्यकता पूरा गर्न सकिदैन, उहाँले भन्नुभयो - तपाईहरुले नै जुन काम पहिले गर्नुपर्छ भन्नुहुन्छ, त्यहि गर्छु ।'

उहाँले शिक्षा, कृषि र पर्यटनलाई विशेष जोड दिनुभएको छ । उम्मेद्बार बराल



सोमबार पोखरा १४ मा मतदाता भेटघाट र घरदैलो गर्नु हुनेछ ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

◆ विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं ।

◆ सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं ।

◆ सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं ।

◆ समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# प्रचारमा अबरोध नगर

निर्वाचनमा उठेका उमेदवारलाई प्रचारमा अबरोध पुऱ्याउने काम सरकार र सत्ता गठबन्धनबाट हुन थालेको छ। डडेलधुरामा स्वतन्त्र उमेदवार सागर ढकाललाई प्रहरीले प्रचारमा अबरोध गरेका थिए । चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उमेदवार रवी लामिछानेको गाडी तोडफोड भएको छ। सत्ता गठबन्धनका कार्यकर्ताले गाडी तोडफोड प्रहरीको संरक्षणमा भएको आरोप छ । सरकार र सत्ता गठबन्धनले विपक्षी र फरक मत राख्नेमाथि प्रतिशोध राखेर काम गर्नु हुँदैन । दार्चुलामा दुई पक्षबीच झडप भएको छ । निर्वाचनको मुखमा आउँदा यश प्रकारका घटना हुनु राम्रो होइन। निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका क्रममा राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक प्रचारप्रसार गर्न दिन फेरि ध्यानाकर्षण गराएको छ।

निर्वाचन आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई यही कात्तिक २२ गते नेपाल सरकार, गृह मन्त्रालयमार्फत राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचारप्रसार गर्न-गराउन दिन भनेको थियो। आयोगको निर्देशन पालना नहुँदासम्म यश किसिमका घटना हुन सक्छ । निर्वाचनमा खटिएका कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक एवं आम मतदातालाई आवश्यक सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्न निर्देशन पनि आयोगले दिएको थियो । चितवनलगायत विभिन्न जिल्लामा उम्मेदवारले निर्वाधरूपले प्रचारप्रसार गर्ने कार्यमा अवरोध तथा निर्वाचनमा सहभागी पक्षहरूबीच विवाद भई सवारीसाधन तोडफोड भएकोको जानकारी आएको पनि आयोगले आइतवार जनाएको छ । त्यसलाई लिएर सञ्चारमाध्यमबाट प्रकाशित समाचार तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक भएका विषयप्रति आयोगले प्रेस विज्ञप्ति जारी गरी गम्भीर ध्यानाकर्षण भएको जनाएकोछ।

नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन र कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको स्मरण गराएका छन् । उम्मेदवार भएका हरेक व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर प्राप्त हुने भएको हुँदा सबै दल एवं सबै उम्मेदवारलाई निर्वाध प्रचारप्रसार गर्ने वातावरण बनाउनका लागि आयोगले गृह मन्त्रालयलाई पुनःनिर्देशनसहित ध्यानाकर्षण गराएको छ।

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड (ख) बमोजिम स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला नगर्न, त्यही दफाको खण्ड (च) बमोजिम एकभन्दा बढी दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला नगर्न पनि भनेको छ । त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गरी आपसी विवाद वा द्वन्द्वको अवस्था सृजना नगर्न पनि सम्बन्धितलाई आयोगले भनेको छ। निर्वाचन आचारसंहिताको पालना गरेरै स्वच्छ, स्वतन्त्रता र भयरहित वातावरण बनाउन सकिन्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# लोकतन्त्र जोगाउन गठबन्धन- शिक्षामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ २७ कार्तिक**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले देशलाई अस्थिरतातिर जानबाट जोगाउन पाँचदलीय गठबन्धन बनेको बताउनुभएको छ।

ढोरपाटन नगरपालिका-३ पुर्कोटमा आयोजित सत्ता गठबन्धनको चुनावी कोणसभालाई सम्बोधन गर्दै उहाँले संविधान मिचेर देशलाई बर्बादीतिर धकेल्न खोजिएपछि त्यस्तो प्रवृत्तिका विरुद्ध गठबन्धन गर्नुपरेको उल्लेख गर्नुभयो । "देशलाई समस्याबाट मुक्त गर्नका लागि, परेका अप्ठ्यारा र लोकतन्त्रलाई जोगाउनका लागि गठबन्धन बनेको हो", उहाँले भन्नुभयो, "दलका शीर्षनेताहरूले गठबन्धनको कुशलतापूर्वक अगुवाइ गरिरहनुभएको छ, यसमा हामी सबै प्रतिबद्ध छौँ ।"

मन्त्री पौडेलले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सत्ता गठबन्धनले नै जित्ने दाबी गर्नुभयो । उहाँ बागलुङ-२ बाट प्रनिनिधिसभा सदस्यका लागि चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। उहाँ विसं २०७४ को चुनावमा पनि सोही क्षेत्रबाट विजयी हुनुभएको थियो।

# करेन्ट लागेर भैँसी मरे

**पोखरापत्र संवाददाता**
**तनहुँ २७ कार्तिक**

जिल्लाको व्यास नगरपालिका-९ सुनखोल्सी निवासी मनबहादुर थापाका दुई वटा भैँसी करेन्ट लागेर मरेका छन्।

विद्युत् सुचारु भएको नाङ्गो तार चुँडेर चौरमा लत्रिएको अवस्थामा चर्दै गरेका भैँसीलाई एक्कासी करेन्ट लागेर मृत्यु भएको हो । नेपाल बिद्युत प्राधिकरण सिसाघाटको लापरबाहीका कारण आहाले लाखुरी भन्ने ठाउँमा बिद्युतको तार लत्रिएको अवस्थामा चर्दैगरेका भैँसीलाई करेन्ट लागेको स्थानीय किसान थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "करिब रु ६० हजार मूल्य पर्ने भैँसी करेन्ट लागेर गुमाउनु परेको छ।" घटनापश्चात् तत्काल सिसाघाट विद्युत् प्रविधिकरणमा जानकारी गराएपछि समितिले नियम अनुसार रु चालिस हजार क्षतिपूर्ति दिने सहमति भएको स्थानीय विष्णुबहादुर अधिकारीले बताउनुभयो । स्थानीयवासी, उपभोक्ताले पटक-पटक जानकारी दिँदा पनि बेवास्ता गर्दै आएका कारण उक्त दुर्घटना हुन गएको उहाँले बताउनुभयो।

# सेती दोभान पुल निर्माण प्राथमिकतामा : पूर्वमन्त्री भण्डारी

**पोखरापत्र संवाददाता**
**तनहुँ २७ कार्तिक**

पूर्वमन्त्री शङ्कर भण्डारीले दुई पालिका जोड्ने सेतीदोभानको पुल निर्माण पहिलो प्राथमिकता रहेको बताउनुभएको छ।

चुनावी घरदैलो अभियानमा रहनुभएका गठबन्धनको तर्फबाट तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार उहाँले आज मतदातासँगको भेटघाटका क्रममा सो कुरा बताउनुभएको हो। जिल्लाको भिमाद नगरपालिका र शुक्लागण्डकी नगरपालिकाको खैरेनीटार जोड्ने सेती दोभानको पुल निर्माणलाई पहिलो प्राथमिकतामा राखेर काम गरिने जानकारी दिनुभयो । "अलपत्र अवस्थामा रहेको पुलको निर्माण कार्य तत्काल अगाडि बढ्छ तपाईहरु ढुक्क हुनुहोस्", उम्मेदवार भण्डारीले भन्नुभयो, "के कति कारणले रोकिन पुगेको हो यस विषयमा पूर्ण जानकारी लिएर काम अगाडि बढाउनेछु ।" भिमाद नगरपालिकावडानं८रशुक्लागण्डकी नगरपालिका-७ जोड्ने उक्त पुलको निर्माण अगाडि नबढ्दा चिन्तित रहेका थानीय बासिन्दाले निकै सास्ती भोग्दै आएका छन्। त्यसैगरी अलपत्र पुलको निर्माण कार्य तत्काल अगाडि बढाउनुपर्ने माग भिमाद र खैरेनीटारको सर्वसाधारण र व्यवसायीहरुले गरेका छन् । खैरेनीटार निवासी व्यवसायी वसन्ता श्रेष्ठले सेती दोभानको पुल निर्माण तत्काल अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ। उक्त पुल निर्माण भए खैरेनीटारको व्यापार व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने उहाँको भनाइ थियो ।

# भ्रष्ट प्रवृत्तिको अन्त्य र सुशासन स्थापना मुख्य एजेण्डा : गुरुङ

**पोखरापत्र संवाददाता**
**वालिङ २७ कार्तिक**

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले भ्रष्ट प्रवृत्ति अन्त्य गर्दै सुशासन स्थापना आफ्नो मुख्य एजेण्डा रहेको बताउनुभएको छ।

आइतबार बिहान स्याङ्जाको गल्याङमा भएको घरदैलो तथा कोणसभामा सम्बोधन गर्दै उहाँले भ्रष्ट प्रवृत्ति अन्त्य नहुँदासम्म सुशासन स्थापना गर्न नसकिने भएकाले यसको अन्त्य नै आफ्नो मुख्य एजेण्डा रहेको उल्लेख गर्नुभएको हो । वाम-लोकतान्त्रिक गठबन्धनबाट स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभाका उम्मेदवार रहनुभएका नेता गुरुङले देशमा मौलाएको भ्रष्टाचार तथा भ्रष्टाचारजन्य प्रवृत्तिलाई खोजीखोजी निर्मूल गर्नु आजको आवश्यकता हो भन्नुभयो। "देशको विकास हुन नसक्नु र देश अधोगतितर्फ धकेलिनुको पछाडि भ्रष्टाचार जोडिएको छ", उहाँले जोड दिनुभयो, "जबसम्म भ्रष्ट प्रवृत्तिलाई अन्त्य गर्न सक्दैनौं तबसम्म देशको विकास सम्भव छैन, तसर्थः देशमा भएका भ्रष्टाचारका विभिन्न काण्डमा मुछिएका ठूलासाना सबैलाई कानुनको कठघरामा उभ्याउनै पर्छ।" जोखिमयुक्त अवस्थामा रहेका स्याङ्जाका ग्रामीण सडक स्तरोन्नति, जिल्लाको लाइफलाइनका रुपमा रहेको सिद्धार्थ राजमार्गलाई 'डेडिकेटेड टु लेन' को सडक बनाउने, जिल्लामा प्रविधियुक्त र दक्ष उपकरणहरुसहित सुविधासम्पन्न अस्पताल निर्माण, स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा स्थानीय शिक्षाको विकास, नीतिगत तथा कानूनी समस्या संशोधनका लागि आवाज, भौतिक पूर्वाधारको विकासमा जोड, पर्यटकीय सम्भावनाका क्षेत्रको पहिचानसँगै त्यसलाई आर्थिक आम्दानीका रुपमा विकास गर्ने, उद्यमशीलताका क्षेत्रलाई प्राथमिकता दिने र युवालाई स्वदेशमै रोजगार बनाउने अन्य एजेण्डा रहेका छन् । क्षेत्र नं २ मा कांग्रेस केन्द्रीय उपसभापति गुरुङ र नेकपा एमाले केन्द्रीय सचिव पद्माकुमारी अर्याललगायत अन्य दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। विसं २०७४ को प्रतिनिधिसभाको निर्वाचनमा एमाले नेत्री अर्यालले कांग्रेस नेता गोपालमान श्रेष्ठलाई पराजित गरी मन्त्री बन्नुभएको थियो।

# पोखरा २१ र ३३ मा अत्याधुनिक मनोरञ्जन पार्कसहितका आकर्षक पोखरी निर्माण गर्न स्थानियको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा २७ कार्तिक**



पोखरा २१ र ३३ मा अत्याधुनिक मनोरञ्जन पार्क सहितका आकर्षक स्मार्ट तीन पोखरी निर्माण गर्न स्थानियले आफ्नो क्षेत्रका एमाले उम्मेदवारहरुलाई आग्रह गरेका छन्।

निर्वाचन अभियानका क्रममा सो क्षेत्रका मतदाता भेटघाटमा नेकपा (एमाले) को तर्फबाट प्रदेश सभा सदस्य कास्की निर्वाचन क्षेत्र नम्वर २ (१) का प्रत्यासी उम्मेदवार भिम बहादुर कार्कीलाई स्थानियहरूले यस्तो आग्रह गरेका हुन्। साविकको भरतपोखरी, निर्मल पोखरी, भोटेपोखरी र कृष्तीका स्थानीयहरूले अत्याधुनिक आइटी सुविधा र मनोरञ्जन पार्क सहितका आकर्षक स्मार्ट तीन पोखरी निर्माण गर्ने योजना बनाउन आग्रह गरे । पोखरीहरूको भेगको रूपमा परिचित समेत रहेको उक्त स्थानका प्राचीन पोखरीहरूको संरक्षण सहित नयाँ तीन पोखरी निर्माण गर्नुपर्ने स्थानियको माग छ। यसो गर्न सके प्राचीन परिचयको सम्वर्द्धन सहित आफ्नै मौलिक पहिचान सहितको पर्यटकीय गन्तव्य निर्माणको योजना साकार हुने उनीहरूको भनाई छ।

कार्कीले अव प्राचीन पहिचान सहित सो क्षेत्र तीन पोखरीको भेगको रूपमा परिचित गराउन योजना थप्ने भन्दै आफु स्थानियको सुझाव अनुसार नै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे । गण्डकी प्रदेशका तीन जिल्ला कास्की,स्याङ्जा र तनहुँको संगमस्थलको रूपमा रहेका महानगरका दुई वडा पोखरा २१ र ३३ लाई महत्वपूर्ण पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने गरी कामका योजना अगाडी बढाउने भन्दै पर्यटकहरूको क्षेत्रमा मनोरञ्जन पार्क सहितका पोखरी निर्माण गर्न पहल गर्ने कार्कीको बताए। २०६६ सालमा पर्यटकीय क्षेत्र घोषणा भएर विभिन्न पूर्वाधार निर्माण हुँदै गरेको तथा कृषि र पर्यटनको प्रचुर विकासको सम्भावना रहेको सो वडाहरूलाई आत्मनिर्भर वडा बनाउने उनको प्रतिवद्धता छ। उम्मेदवार कार्कीले हिजोका आफ्नो पार्टी निर्वाचनका घोषणापत्र र यो निर्वाचनका घोषणापत्रका बिषय सहित महानगरीय एकीकृत विकासको मोडल अवधारणा अघि सारेको उल्लेख गरे। घरदैलोको अवसरमा नेपाली काग्रेसका क्रियाशिल सदस्य समेत रहेकी कृष्ती निवासी अगुवा समाजसेवी गणेश शाहीसहित सोनम शाही र ज्ञानु शाही नेकपा (एमाले) मा प्रवेश गरेका छन् । त्यसैगरी माओवादी केन्द्र पोखरा महानगर वडा नम्वर २१ का वडा कमिटी सदस्य रीना गिरि पनि एमालेमा प्रवेश गरेकी छन्।

# लामाचौर, सार्दीखोला हुदै माछापुच्छ्रे गाउँपालिका जोड्ने नमुना सडक बनाउछौं: उम्मेदवार बराल

**पोखरापत्र संवाददाता**
**पोखरा २७ कार्तिक**



पाँच दलीय गठबन्धनका साझा उम्मेदवार कास्की निर्वाचन क्षेत्र नम्बर ३ प्रतिनिधि सभाका प्रत्यासी रामजी प्रसाद बराल जीवनले लामाचौर, सार्दीखोला हुदै माछापुच्छ्रे गाउँपालिका जोड्ने नमुना सडक बनाउने बताएका छन्।

चुनावी प्रचार अभियान अन्र्तगत आइतबार घर दैलो कार्यक्रममा सहभागि हुदै उम्मेदवार बरालले लामाचौर देखि सार्दीखोला हुदै माछापुच्छ्रे गाउँपालिका जोड्ने नमुना सडक बनाउने बताएका हुन् । उम्मेदवार बरालले भने "कृषि र पर्यटनको महत्व रहेको लामाचौर, सार्दीखोला हुदै माछापुच्छ्रे गाउँपालिका केन्द्र जोड्ने नमुना सडक निर्माण गर्न हामीहरुले बिषेश पहल गर्ने छौं, हाल जिर्ण भएको सडकको अबस्थाले स्थानियले धेरै दुःख पाएको हामीले महशुस गरेका छौं ।" लामाचौर, घार्मी, पुरुन्चौर, सार्दीखोला तातोपानी हुदै माछापुच्छ्रे केन्द्र र माछापुच्छ्रे गाउँपालिकाका पर्यटकीय गाउँसम्म चक्रपथको रुपमा जोड्ने आफुहरुसंग बृहत योजना रहेको उम्मेदवार बरालले जनाए।

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री समेत रहेका उम्मेदवार बरालले प्रदेश सरकारले चाहेर पनि धेरै बजेट व्यबस्थापन गर्न कठिन भएकोले बृहत योजनाहरु सम्पन्न गर्न केन्द्रिय बजेट आवश्यक भएकोले आफुलाई संघको जनप्रतिनिधिको रुपमा स्थानियले अत्याधिक बहुमतले विजयी गराउने विश्वास व्यक्त गरे। स्थानियले लामाचौर, घार्मी, पुरुन्चौर, सार्दीखोला लगायतको सडक स्तरोउन्ती गर्न माग गरेका थिए। त्यसै गरी पोखरा १९ को घार्मीको डाँडा देखि चनौटेसम्मको ढल तथा भलपानीको लागि नालाको उचित व्यबस्थापन गर्ने उम्मेदवार बरालले बताए । स्थानियको माग बमोजिम घार्मीको डाँडा देखि चनौटेसम्मको ढल तथा भलपानीको लागि नालाको उचित व्यबस्थापनमा बिषेश ध्यान दिने उनले जनाए । तिलवारी देखि ठुलीपोखरीसम्म करिब २ किलोमिटर क्षेत्रमा करिब ९० घर धुरी रहेको चनौटे बस्तीमा ढल पानी उचित ढंगले व्यबस्थापन गर्न नसक्दा हरेक बर्ष ठुलो बर्षाद हुदा स्थानियहरु बाढीको जोखिममा पर्ने गरेको स्थानियले उम्मेदवार बराल समक्ष गुनासो गरे।

आइतबार पोखरा १९ को घार्मी, लामाचौर लगायतको क्षेत्रमा घर दैलो कार्यक्रम भएको कार्यक्रममा संविधान सभा सदस्य शारदा पौडेल, कागेंस नेता पोषनाथ शर्मा लगायतको सहभागिता रहेको माओबादी केन्द्रका युवा नेता सविन जिसीले बताए।

# सामुदायिकद्धारा ५८ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा २७ कार्तिक**



सामुदायिक सेवा एंव सामुदायिक प्रहरी सेवा केन्द्र पृथ्वीचोकको २२ औ बाषिक साधारण सभाको अवसरमा तीन दिवसिय कार्यक्रम गरेको छ।

कार्यक्रम अन्तगत गरीएको रक्तदान मा ५८ युनिट रगत संकलन भएको छ । सो कार्यक्रमको शुभारम्भ गदै पहिलो रक्तदाता कुल प्रसाद लामिछाने र सुदिप श्रेष्ठ लाई बलड ब्याग वितरण गदै , स्थानिय समुदाय संग प्रहरी सहकार्य कार्यक्रमले महत्वपुर्ण भुमिका खेलेको बताए।

कार्यक्रममा रक्तसंचार केन्द्रका प्रबिधिक महेन्द्र के सी ले मानिसलाई लाग्ने क्यान्सर, किडनी र रगत नै चाहिने रोगहरुमा रगतको बिकल्प नभएकोले रगतको महत्व बढी भएको र ब्लड पेशर थाइराइड रोगीहरुले समेत नियामित रगत दिन सकिने बताए।

केन्द्रका अध्यक्ष धर्मदत्त आचार्यको सभापतित्वमा भएको कार्यक्रममा सृजना बिकास केन्द्रका अध्यक्ष कृष्ण बहादुर थापा, पूर्व अध्यक्ष चिरन्जिवी श्रेष्ठ, माटेपानी केन्द्रका अध्यक्ष मिरा आचार्य, बगर केन्द्रका अध्यक्ष राम प्रसाद अधिकारी, उपाध्यक्ष कमल श्रेष्ठ, सचिव उत्तम जोसी, प्रगती आमा समुहका कुल मामा क्षेत्री, कृषि संन्जालका बिमला रानाभाट, पूर्व सहसचिव मुना कुमारी बास्तोला, लगायतले रक्तदानको महत्व माथि आफ्नो भनाइ राखेका थिए।

